# महालक्ष्मी विकास बैंक लि.
# Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

## खाता नियमित गर्ने तथा ग्राहक पहिचान विवरण अद्यावधिक गर्ने बारेको अत्यन्त जरुरी सूचना

यस बैंकका विभिन्न शाखाहरुमा खाता खोल्नु भएका केहि ग्राहकहरुले विगत लामो समय देखि आफ्नो खातामा कारोवार नगर्नु भएको कारणले त्यस्ता खाताहरु निष्क्रिय (Dormant) खाताको रुपमा रहेको हुँदा सम्बन्धी खातावाला महानुभावहरु आफूले खाता खोलेको शाखा अथवा आफूलाई पायक पर्ने जुनसुकै शाखामा उपस्थित भै आफ्नो खाता नियमित गर्नु हुन अनुरोध गरिन्छ । विगत बीस वर्ष वा सो भन्दा बढी समय देखि कारोवार नभएका तथा दावी नपरेका निक्षेप खाताहरु नियमित नभएमा वा दावी नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७४ को दफा ११२(३) तथा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुका लागि जारी गरेको एकीकृत निर्देशनको निर्देशन नं. १६/२०७८ को बुंदा नं ३(४) मा भएको व्यवस्था बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ ।

यसका साथै, कतिपय ग्राहक महानुभावहरुको ग्राहक पहिचान विवरण (KYC) अद्यावधिक हुन नसकेको हुँदा त्यस्ता ग्राहक महानुभावहरुले आफूलाई पायक पर्ने नजिकको शाखामा उपस्थित भै ग्राहक पहिचान विवरण अद्यावधिक गर्नु हुन अनुरोध गर्दै नियमित कारोवार गर्दै आउनु भएका ग्राहक महानुभावहरुले समेत आफूले बैंकमा पेश गरेको कुनै विवरणमा परिवर्तन भएको भए नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनको निर्देशन नं. १९/२०७८ को बुंदा नं. २ मा भएको व्यवस्था बमोजिम अद्यावधिक गराउनु हुन अनुरोध गर्दछौं ।

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-४२६८७१९

सबल बैंक, सफल सहकार्य

size: 2x12